आज मिति २०८२/१२/१५ गते यस लिम्चुङबुङ गाउँपालिकाको कार्यवाहक अध्यक्ष श्री पुष्पलाल राईको अध्यक्षतामा आ.व. ०८२/०८३ को १२ औ कार्यापालिका बैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावमाथि छलफल गरी निर्णय गरियो ।

| सि.न. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पुष्पलाल राई | कार्यवाहक अध्यक्ष | |
| २ | श्री जनदिप थापा मगर | १ न. वडा अध्यक्ष | |
| ३ | श्री जितेन्द्र राई | २ न. वडा अध्यक्ष | |
| ४ | श्री गुरुमणि कुमाई | ३ न. वडा अध्यक्ष | |
| ५ | श्री छत्र बहादुर राई | ४ न. वडा अध्यक्ष | |
| ६ | श्री कविचन्द्र राई | ५ न. वडा अध्यक्ष | |
| ७ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ८ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री पृथि रसाईली | कार्यपालिका सदस्य | |
| १० | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| ११ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १२ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १३ | श्री सन्देश राई | सदस्य सचिव | |
| १४ | श्री विपन राई | सचिवालय सदस्य | |

आमन्त्रितहरु :-

श्री युबराज ओली

प्रस्तावहरु :

१. विपद व्यवस्थापन सम्बन्धमा ।

२. योजनाको शीर्षक परिवर्तन गर्ने सम्बन्धमा ।

३. आयोजना बैक सम्बन्धमा ।

४. प्रदेश समपुरक माग गर्ने सम्बन्धमा ।

५. VO सम्बन्धमा ।

६. जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा ।

७. जनप्रतिनिधिको रिक्त पदको विवरण पेश गर्ने सम्बन्धमा ।

८. सुत्केरी भत्ता सम्बन्धमा ।

९. विविध सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ मा छलफल गर्दा मिति २०८२ साल चत्रै २ गतेको हावाहुरीले यस लिम्चुङबुङ गाउँपालिका अन्तर्गतका घरहरुमा क्षति पुऱ्याएको हुँदा तत्काल गाउँपालिकाबाट त्रिपाल खरिद गरी वितरण गरिएको र वितरण गर्न बाँकी रहेको घरहरुमा आवश्यक त्रिपाल खरिद गरी वितरण गर्ने भनि सर्वसम्मतले निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं मा छलफल गर्दा यस आ.व. २०८२/८३ मा यस लिम्चुङबुङ गाउँपालिका अन्तर्गतका प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रमहरुमा, प्रधानमन्त्री रोजगार साझेदारी अन्तर्गतको बजेटले अपुग हुने भएकोले तपसीलका योजनालाई प्रधानमन्त्री रोजगार साझेदारीबाट हटाउने र आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसम्मतले गरियो ।

तपसील

| क.स. | योजनाको नाम | नयाँ योजना | बजेट |
|---|---|---|---|
| १ | खुर्साने कराम्बोटे सडक मर्मत ( प्ररोसा) | खुर्साने कराम्बोटे सडक मर्मत | २००००० |
| २ | शिवालय मन्दिर निर्माण ताम्लिछा (प्ररोसा) | शिवालय मन्दिर निर्माण ताम्लिछा | ३००००० |
| ३ | अन्नपूर्ण जाल्पा ताम्लिछा टेकानपुर देविथान सिडी निर्माण (प्ररोसा) | अन्नपूर्ण जाल्पा ताम्लिछा टेकानपुर देविथान सिडी निर्माण | ३००००० |
| ४ | टेकानपुर रोखोला खेती सिचाई कुलो निर्माण तथा पाइप खरिद( प्ररोसा) | टेकानपुर रोखोला खेती सिचाई कुलो निर्माण तथा पाइप खरिद | ७०००० |
| ५ | शिर्वानी टोल विकास अधुरो भवन सम्पन्न तथा शौचालय निर्माण (प्ररोसा) | शिर्वानी टोल विकास अधुरो भवन सम्पन्न तथा शौचालय निर्माण | १००००० |
| ६ | यारीखोला शिवालय मन्दिर निर्माण (प्ररोसा) | यारीखोला शिवालय मन्दिर निर्माण | १८०००० |

निर्णय नं ३

प्रस्ताव नं ३ मा छलफल गर्दा तपसील बमोजिमका आयोजनाहरुलाई आयोजना बैंकको लागि सिफारिस गर्ने सर्वसम्मतले निर्णय गरियो ।

तपसील :

| क्र.स | आयोजनाको नाम |
|---|---|
| १ | पुवाँरे माझखर्क बाराहा बासबोटो हलेसी सडक |
| २ | फोक्सिनटार चनौटे ठाँटीटार कुनाही कुमालटार सडक |
| ३ | विरेन्द्र ज्योती आ.वि १-८ पिप्ले विद्यालय भवन |
| ४ | बाराहा पोखरी निर्माण तथा सौन्दर्यकरण |
| ५ | माझी समुदायको सांस्कृतिक भवन निर्माण लैकुघाट ताम्लिछा |
| ६ | लिम्चुङबुङ रंगशाला निर्माण ताम्लिछा, डाँडागाउँ |
| ७ | आ.वि १-८ बाँसबोटे वरझञ्ज्याङ विद्यालय भवन निर्माण |

निर्णय नं ४

प्रस्ताव नं ४ मा छलफल गर्दा आ.व. २०८३/०८४ को आगामी बजेटको लागि प्रदेश समपुरक अनुदान मार्फत प्राप्त हुने अनुदानलाई जाँते बलम्ता ताम्लिछा बाउखा बाँसबोटे सडक निर्माणको लागि माग गर्ने निर्णय सर्वसम्मतले गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ मा छलफल गर्दा श्री महेन्द्र मा.वि (१-१२) ताम्लिछामा निर्माणाधिन विद्यालयको भवनमा विद्यालय शौचालय विविध कारणवश छुटेको हुँदा प्राविधिक लागत अनुमान अनुसार ६.०९२ प्रतिशत भन्दा बढी नहुनेगरी रु ५०८५७४.६१ (अक्षरुपी पाँच लाख आठ हजार पाँच सय चौहत्तर दशमलव एकसठ्ठी) भ्याट सहित हुने गरी भेरियशन अर्डर (भिओ) गरी छुट आईटमको कार्य गराउने भनी सर्वसम्मतले निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ मा छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको O & M सर्वेक्षण अनुसार भौतिक पूर्वाधार शाखा र भवन तथा वस्ती विकास उपशाखामा दुईजना ईन्जिनियरको व्यवस्थापन गर्ने भनि सर्वसम्मतले निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ मा छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकामा रहेको जनप्रतिनिधिको रिक्त पद जिल्ला निर्वाचन कार्यालय उदयपुरबाट माग भई आएको हँदा यस कार्यालयमा रिक्त रहेको अध्यक्ष र गाउँसभा सदस्यको रिक्त पदको विवरण निर्वाचन कार्यालयलाई बुझाउने सर्वसम्मतले निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत MCH गराउन नसकिएको गर्भवती महिलालाई बाहिर प्रेषण गरे बापत भाडा स्वरुप रु १०००० (अक्षरुप दश हजार) उपलब्ध गराउने निर्णय सर्वसम्मतले गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ विविध विषयमा छलफल गर्दा श्री सुष्मि कन्स्ट्रक्शन प्रा.लि. लाई घ वर्गको इजाजत पत्र दिने निर्णय सर्वसम्मतले गरियो ।